**निर्णय नं. १ :** क्षेत्रीय शहरी विकास आयोजना अन्तर्गत गोदावरी नगरपालिका (साविक अत्तरिया) भित्र करिव २१ कि.मी. सडक कालोपत्रे गर्ने योजना अनुसार सडक छनौट गरी पठाईएकोमा हसनपुर-स्याउले खण्डको यस न.पा. भित्र पर्ने ७.५ कि.मी. सडक सडक डिभिजन कार्यालयबाट निर्माणको चरणमा रहेकोले सोको सट्टा देहायका सडक छनौट गरी पठाउने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | ठेगाना | लम्बाई | कैफियत |
|---|---|---|---|---|
| १ | लालपुर-गौडी सडक | वा.नं. ६ | ३ कि.मी. | ४५ फिट चौडाई कम्तीमा हुनुपर्ने । |
| २ | माछापालन देखि पश्चिम श्रीलंका झोलुङ्गेपुलसम्मको सडक | वा.नं. ५ | १.५ कि.मी. | " " |
| ३ | मालाखेती-बान्द्रेखाल सडक खण्ड अन्तर्गतको वा.नं. ३ मनीराज पाण्डेको घर देखि चाक्लेखोलसम्मको सडक | वा.नं. ३ र १० | ३ कि.मी. | " " |
| | **बैकल्पिक योजना** | | | |
| १ | कुलानन्द पनेरुको घर देखि बास्कोटा गाउँ ईटाभट्टा मिलन चोकसम्मको सडक | वा.नं. ४ | ३ कि.मी. | " " |

**निर्णय नं. २ :** गोदावरी नगरपालिकाको प्रथम नगर सभाबाट चालु आ.व. ०७४/७५ का लागी स्वीकृत वार्षिक कार्यक्रम अनुसार अनुसूची ३ को १.१ भौतिक पूर्वाधार विकास योजनाको बुँदा नं. ७ मा विभिन्न वडामा सडक कालोपत्रे गर्ने भनी १ करोड ५० लाख विनियोजन भएकोमा सोही शिर्षकबाट खर्च हुने गरि देहाय बमोजिमका सडकका योजनाहरु छनौट गर्ने निर्णय गरियो । साथै बाटो कालोपत्रेका लागी आह्वान गरिएको बोलपत्रबाट घटी रकममा सम्झौता भै रकम बचत हुन आएमा यसरी बचेको रकमबाट पुनः टेण्डर गरी वडा नं. ५ को सरस्वती स्कूल-गेटा आँखा अस्पतालको बाटो कालोपत्रे गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | गेडेपानी देखि तेघरीसम्मको सडक | वा.नं. २ | ७५,००,०००।- | योजनाको सर्भे, डिजाइन, इष्टमेट वापत परामर्श सेवा खर्च समेत |
| २ | महेन्द्र राजमार्ग देखि वाइनरी स्कूल हुँदै बास्कोटा जाने सडक | वा.नं. ४ | ७५,००,०००।- | " " |

**निर्णय नं. ३ :** गोदावरी नगरपालिकाको प्रथम नगर सभाबाट चालु आ.व. ०७४/७५ का लागी स्वीकृत वार्षिक कार्यक्रम अनुसार अनुसूची ३ को १.१ भौतिक पूर्वाधार विकास योजनाको बुँदा नं. २१ मा खेलकुद मैदानहरुको पूर्वाधार विकास (मञ्च र रंगशाला निर्माण) गर्ने भनी ४० लाख विनियोजन भएकोमा सोही शिर्षकबाट खर्च ब्यहोर्ने गरि गोदावरी न.पा. वडा नं. ४ मा रहेको दुर्गालक्ष्मी कलेजको दक्षिण राधाकृष्ण मन्दिर नजिकको खेलकुद मैदानलाई सुविधा सम्पन्न कर्भडहल्को रुपमा विकास गर्ने गरि विस्तृत परियोजना प्रतिवेदन तयार गरी अन्य पूर्वाधारका काम अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :** गोदावरी नगरपालिकाको प्रथम नगर सभाबाट चालु आ.व. ०७४/७५ का लागी स्वीकृत वार्षिक कार्यक्रम अनुसार अनुसूची ३ को १.१ भौतिक पूर्वाधार विकास योजनाको बुँदा नं. ९ मा सडकले नछोएका वडामा सडक निर्माण र सुधार गर्ने भनी ४० लाख विनियोजन भएकोमा सोही शिर्षकबाट खर्च ब्यहोर्ने गरि देहाय बमोजिमका सडकका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कोल्मुडा-सल्ली-नायल सडक निर्माण | वा.नं. १२ | २०,००,०००।- | |
| २ | गोदावरी हुँदै फुलबस्ती सडक निर्माण | वा.नं. ४ | २०,००,०००।- | |

**निर्णय नं. ५ :** यस नगरपालिका भित्र रहेका विभिन्न मठ, मन्दिर र विभिन्न समुदायको धर्म संस्कृती जर्गेना गर्ने उद्देश्य अनुरुप तपसिल बमोजिमका संस्थाहरुलाई प्रथम नगरसभाको निर्णय अनुसार स्वीकृत धर्म, संस्कृती र कलाको शिर्षकबाट देहाय बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | संस्थाको नाम | रकम |
|---|---|---|---|
| १ | लोहसार पर्व कार्यक्रम सहयोग | गुरुङ समाज समिति, अत्तरिया | ३५,०००।- |
| २ | माघी मिलन कार्यक्रम सहयोग | माघी महोत्सव २०७४ मुल आयोजक समिति, गो.न.पा. ८ | १,००,०००।- |
| ३ | पुरानो संस्कृती जर्गेना गर्न दमाउ, झ्याम, झ्योकर र दामा खरिद | गो.न.पा. ४ | ३०,०००।- |
| ४ | वडा नं. ३ मा होली कार्यक्रमका लागी मौलिक पहिरन र बाजागाजा खरिद गर्न | सु.प. बहुउद्देश्यीय मञ्च, कैलाली | ५०,०००।- |
| ५ | मष्टाबण्डाली पोखरेल सेवा समितिलाई मष्टा बण्डाली देवताको जात्राका लागी आर्थिक सहयोग | गो.न.पा. ११ र १२ | १५,०००।- |

**निर्णय नं. ६ :** गोदावरी नगरपालिकाको प्रथम नगर सभाबाट चालु आ.व. ०७४/७५ का लागी स्वीकृत वार्षिक कार्यक्रम अनुसार अनुसूची ३ को २.८ शिक्षा, खेलकुद र युवा विकास सम्बन्धी कार्यक्रमको बुँदा नं. १२ र १३ बाट खर्च ब्यहोर्ने गरि देहाय बमोजिमका संस्थाहरुलाई खेलकुद विकासका लागी सहयोग गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | संस्थाको नाम | रकम |
|---|---|---|---|
| १ | फ्रेन्ड्ली ओपन पि.एफ.ए. स्पोर्टस फुटबल खेल संचालनका लागी सहयोग | प्ले फर अत्तरिया स्पोर्टस क्लव नेपाल, अत्तरिया | ५०,०००।- |
| २ | आठौं अन्तराष्ट्रिय कराँते प्रतियोगिता २०७४ का लागी सहयोग | राष्ट्रिय गोजुरियो कराँते दो-संघ, ७ नं. प्रदेश धनगढी | १,००,०००।- |
| ३ | डी.एल.एम.सी. कप फुटवल प्रतियोगिता २०७४ लाई सहयोग | दुर्गालक्ष्मी बहुमुखी क्याम्पस, अत्तरिया | ५०,०००।- |
| ४ | दोस्रो अन्तराष्ट्रिय आमन्त्रित सुदूरपश्चिम खप्तड गोल्डकप २०७४ संचालनका लागी सहयोग | सुदूरपश्चिम -११ स्पोर्टस क्लव, धनगढी | २,००,०००।- |
| ५ | क्लव स्तरिय तेस्रो फारवेष्ट पशुपती कप २०७४ संचालनका लागी सहयोग | फारवेष्ट पशुपती युवा क्लव | ४०,०००।- |
| ६ | जे.वाई.सी. क्लवलाई सहयोग | वा.नं. ११ | २०,०००।- |

**निर्णय नं. ७ :** गोदावरी नगरपालिकालाई पूर्ण खुला दिशामुक्त घोषणा गर्ने कार्यक्रम अनुरुप प्रथम नगरसभाबाट रु. ६  लाख रकम विनियोजन भएकोमा विभिन्न वडाका असहाय विपन्न परिवारहरुलाई प्यान सेट, सिमेन्ट, रिङ, पाईप आदी सहयोग र घोषणा कार्यक्रम गर्दा कार्यक्रमको लागत बढ्न

गएकोले नपुग रकम रु. १५,००,०००।- (पन्ध्र लाख) आ.व. ०७३/७४ का सम्पन्न योजनाको भुक्तानी दिन बाँकी रकमबाट घटाई खुल्ला दिशामुक्त कार्यक्रममा थप गरी कार्यक्रम संसोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** : ६० वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुलाई नगरपालिकाबाट जेष्ठ नागरिक परिचय पत्र वितरण भैरहेको र नेपाल सरकारबाट समेत जेष्ठ नागरिकहरुलाई स्वास्थ्य सेवामा सहुलियत दिने कार्यक्रम अनुरुप यस नगरपालिकाबाट पनि स्वास्थ्य उपचारमा निःशुल्क तथा सहुलियत दिने कार्यक्रम रहेकोले सो कार्यक्रमका लागी मालाखेती अस्पतालसँग समन्वय गरि अस्पतालले दिने सेवा सुविधाका बारेमा प्रस्ताव माँग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** : नगरपालिकाका विभिन्न वडाहरुबाट कृषकहरुका लागी स्प्रे टंकी माँग भई आएकोमा कृषि विकास कार्यक्रमको च्याउँ उत्पादन प्रवर्द्धन कार्यक्रममा खर्च भई बाँकी रहेको रकमबाट खरिद गर्ने गरि प्रत्येक वडामा २/२ वटा स्प्रे टंकी खरिद गरि वडा कार्यालयलाई हस्तान्तरण गर्ने र सोको ब्यवस्थापन वडा कार्यालयले गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** : गोदावरी नगरपालिकाको वडा नं. १ मा अवस्थित ब्रह्माकुमारी ईश्वरिय विश्व विद्यालय राजयोग प्रशिक्षण केन्द्र मुनाफा रहित समाजसेवी संस्था भएकोले सोही नाममा संचालनमा रहेसम्म उक्त संस्थाको एकिकृत सम्पत्ती करमा छुट दिने निर्णय गरियो ।

**निर्णय नं. ११** : गोदावरी नगरपालिकाको आफ्नै भवन नभएका कारण आगन्तुक पाहुनका लागी र प्रमुख प्रशासकिय अधिकृतको लागी आवास गृह भाडामा लिनु पर्ने भएकोले यस कार्यालयमा पेश हुन आएका दरभाउपत्र उपर सबै भन्दा कम अंक कबुल गर्ने गो.न.पा. २ अत्तरिया आदर्शटोलका श्री प्रेम राज पाण्डेयले पेश गरेको दरभाउ पत्र स्वीकृत गरि मिति २०७४/१०/१५ गतेबाट घर भाडामा लिने निर्णय गरियो ।

**निर्णय नं. १२** : गो.न.पा. वा.नं. ४ स्तिथ गोदावरी मन्दिर परिषदमा स्थायी रुपमा बसोवास गर्दै आएका साधु, सन्त, महन्त र माताहरुको सुविधाका लागि २० घनमीटर क्षमताको गोवरग्याँस प्लान्ट निर्माण गर्ने गरी गोवरग्याँस कम्पनी सेती महाकालीसँग सम्झौता गर्ने निर्णय गरियो । गोवरग्याँस निर्मणमा लाग्ने लागत मध्ये नेपाल सरकारबाट पाउने अनुदान रकम र स्थानीय निर्माण सामाग्री वापतको रकम कटाई बाँकी रकम वैकल्पिक उर्जा शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३** : गोदावरी वा.नं. १२ मा रहेको ग्वाँसी समैजी मन्दिर जाने बाटोका लागी ह्यूमपाईप राख्ने र ग्राभेल गर्नु पर्ने भएकोले प्राविधिकबाट लागत अनुमान तयार गर्न लगाई सोही बमोजिम सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४** : गोदावरी नगरपालिकाले घर भत्काएको भनी उच्च अदालतमा परेको मुद्दा र सोको सन्दर्भमा मानहानी मुद्दामा र ढुङ्गा, बालुवा, गिट्टीको निकासी सन्दर्भमा परेको मुद्दामा नगरपालिका र कार्यालयको तर्फबाट प्रतिवादी लगाउन क्रमशः कानूनी सल्लाहकार श्री निल प्रसाद तिवारी र खरिदार श्री बालकृष्ण जोशीलाई पठाउने निर्णय गरियो ।